# रोङ गाउँपालिका

## इलाम, कोशी प्रदेश, नेपाल

### गाउँ कार्यपालिकाको बैठक

**आ. व.:** २०८१/०८२ **मिति :** २०८२/०१/२१

**बैठक संख्या :** १३-२०८१/०८२ **समय :** अपराह्न २:०० बजेदेखि

---

आज मिति २०८२ वैशाख २१ गते आइतबारका दिन रोङ गाउँपालिकाका अध्यक्ष श्री मनि कुमार स्याङ्बो ज्यूको अध्यक्षता तथा देहायको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी निम्नानुसारको निर्णय गरियो

**उपस्थिति :**

| क्र. सं. | नाम, थर | पद | सम्पर्क नं. | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | श्री मनि कुमार स्याङ्बो | अध्यक्ष | ९८५२६७८७३२ | |
| २ | श्री विष्णुमाया खवास | उपाध्यक्ष | ९८४४६३१५१७ | |
| ३ | श्री मनोहरि खड्का | १ नं. वडा अध्यक्ष | ९८५२६४०५७० | |
| ४ | श्री चन्द्र शेखर घिमिरे | २ नं. वडा अध्यक्ष | ९८१६९५३४९३ | |
| ५ | श्री मातृका बराल | ३ नं. वडा अध्यक्ष | ९८४२६२४११४ | |
| ६ | श्री राज कुमार लाप्चा | ४ नं. वडा अध्यक्ष | ९८१४०४०२९४ | |
| ७ | श्री दल बहादुर पुलामी | ५ नं. वडा अध्यक्ष | ९८४१७००३४० | |
| ८ | श्री सत्यम राई चौरासे | ६ नं. वडा अध्यक्ष | ९८६४९१२३२ | |
| ९ | श्री नानू तामाङ | कार्यपालिका सदस्य | ९८१४९१२२३१ | |
| १० | श्री मिनादेवी तामाङ | कार्यपालिका सदस्य | ९८२४९६७९६२ | मिना |
| ११ | श्री लक्ष्मी नेपाली | कार्यपालिका सदस्य | ९८१४०८७४७१ | |
| १२ | श्री इन्दिरा देवी विश्वकर्मा | कार्यपालिका सदस्य | ९८०४९२९०९९ | |
| १३ | श्री युवराज खाम्बुवा राई | कार्यपालिका सदस्य | ९८४२६६८३१४ | |
| १४ | श्री दया कुमारी दियाली | कार्यपालिका सदस्य | ९८१६०३२६०७ | दया |
| १५ | श्री विनोद कुमार चौहान | सचिव | ९८५२६४२०२० | |
| १६ | श्री नारायण अर्याल | आमन्त्रित | ९८५२६४४६९९ | |
| १७ | श्री प्रनिष भट्टराई | " | ९८४२६८५०४३ | |
| | श्री बाबुराम घिमिरे | | | |
| | | | | |

# रोङ गाउँपालिका

## इलाम, कोशी प्रदेश, नेपाल


## गाउँ कार्यपालिकाको बैठक

आ. व.:२०८१/०८२
बैठक संख्या : १३-२०८१/०८२

मिति :२०८२/०१/२१
समय : अपराह्न २:०० बजेदेखि

---

प्रस्ताव १ : अघिल्लो बैठकको निर्णय कार्यान्वयनको समीक्षा सम्बन्धमा ।

निर्णय १ : कार्यपालिकाको मिति : २०८२/०१/०७ गतेको बैठकको निर्णय कार्यान्वयनको सम्बन्धमा समीक्षा गरियो ।

प्रस्ताव २ : सेवा प्रवाहको समीक्षा सम्बन्धमा ।

निर्णय २ : गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालय, स्वास्थ्य संस्था तथा गाउँ कार्यपालिका मातहतका अन्य कार्यालयबाट भइरहेका सेवा प्रवाहको समीक्षा गरियो । कमी कमजोरीहरु हटाउँदै अघि बढ्ने निर्णय गरियो ।

प्रस्ताव ३ : आर्थिक तथा प्रशासनिक कामकारबाहीहरुको अनुमोदन गर्ने सम्बन्धमा ।

निर्णय ३ : रोङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयबाट चालू आर्थिक वर्ष २०८१/०८२ मा हालसम्म भएका योजना तथा कार्यक्रमको भुक्तानीका साथै नियमित तथा आकस्मिक प्रकृतिका सम्पूर्ण आर्थिक कारोबार तथा प्रशासनिक कामकारबाहीहरुलाई अनुमोदन गर्ने ।

प्रस्ताव ४ : 'रोङ कृषि ऐन, २०८२' स्वीकृतिका लागि गाउँसभा अधिवेशनमा पेश गर्ने सम्बन्धमा ।

निर्णय ४ : : 'रोङ कृषि ऐन, २०८२' स्वीकृतिका लागि गाउँसभाको आगामी अधिवेशनमा पेश गर्ने ।

प्रस्ताव ५ : 'रोङ गाउँपालिकाको अनुगमन तथा सुपरिवेक्षण समितिको कार्यसञ्चालन कार्यविधि, २०८२' स्वीकृत गर्ने सम्बन्धमा ।

निर्णय ५ : : 'रोङ गाउँपालिकाको अनुगमन तथा सुपरिवेक्षण समितिको कार्यसञ्चालन कार्यविधि, २०८२' स्वीकृत गर्ने ।

प्रस्ताव ६ : 'रोङ गाउँपालिकाको आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका, २०८२' स्वीकृत गर्ने सम्बन्धमा ।

निर्णय ६ : : 'रोङ गाउँपालिकाको आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका, २०८२' स्वीकृत गर्ने ।

प्रस्ताव ७ : रोङ गाउँपालिकास्तरीय अनुगमन समिति गठन गर्ने सम्बन्धमा ।

निर्णय ७ : : 'रोङ गाउँपालिकाको आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका, २०८२' को दफा ३४८ बमोजिम देहाय अनुसार रोङ गाउँपालिकाको अनुगमन समिति गठन गर्ने ।

देहाय :

- ✓ श्री मनि कुमार स्याङ्बो (गाउँपालिका अध्यक्ष) : संयोजक
- ✓ श्री विष्णुमाया खवास (गाउँपालिका उपाध्यक्ष) : सदस्य
- ✓ श्री मनोहरि खड्का (१ नं. वडा अध्यक्ष, सुशासन तथा संस्थागत विकास समितिको संयोजक) : सदस्य
- ✓ श्री इन्दिरा वि. क. (गाउँ कार्यपालिका सदस्य) : सदस्य
- ✓ श्री होम बहादुर लिम्बू (लोकतान्त्रिक राष्ट्रिय मञ्च) : सदस्य
- ✓ श्री मनिष भट्टराई (आर्थिक प्रशासन प्रमुख) : सदस्य
- ✓ श्री दुर्गा चम्लागाईँ (आ. ले. प. अधिकृत, छैटौं) : सदस्य-सचिव

<u>प्रस्ताव ८</u> : वडास्तरीय अनुगमन समिति गठन गर्ने सम्बन्धमा।

<u>निर्णय ८</u> : : 'रोङ गाउँपालिकाको आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका, २०८२' को दफा २५१ बमोजिम देहाय अनुसार वडास्तरीय अनुगमन समिति गठन गर्ने।

- श्री सम्बन्धित वडाका वडा अध्यक्ष) : संयोजक
- श्री सम्बन्धित वडाका वडा सदस्य: सदस्य
- श्री सम्बन्धित वडाका वडा सदस्य: सदस्य
- श्री सम्बन्धित वडाका वडा सदस्य: सदस्य
- श्री सम्बन्धित वडाका वडा सदस्य: सदस्य
- सम्बन्धित वडाका वडा सचिव : सदस्य-सचिव

<u>प्रस्ताव ९</u> : 'रोङ गाउँपालिकाको हिंसापीडित महिला आश्रय केन्द्र सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२' स्वीकृत गर्ने सम्बन्धमा।

<u>निर्णय ९</u> : प्रस्ताव ४ : 'रोङ गाउँपालिकाको हिंसापीडित महिला आश्रय केन्द्र सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२' स्वीकृत गर्ने।

<u>प्रस्ताव १०</u> : न्यायिक समितिको प्रथम जिल्ला सम्मेलनबाट पारित साझा इलाम १४ बुँदे घोषणापत्र २०८० कार्यान्वयन गर्ने सम्बन्धमा।

<u>निर्णय १०</u> : न्यायिक समितिको प्रथम जिल्ला सम्मेलनबाट पारित साझा इलाम १४ बुँदे घोषणापत्र २०८० कार्यान्वयन गर्ने।

<u>प्रस्ताव ११</u> : मेलमिलापकर्ताहरुको इलाम जिल्लास्तरीय तेस्रो सम्मेलनको १० बुँदे घोषणापत्र कार्यान्वयन गर्ने सम्बन्धमा।

<u>निर्णय ११</u> : : मेलमिलापकर्ताहरुको इलाम जिल्लास्तरीय तेस्रो सम्मेलनको १० बुँदे घोषणापत्र कार्यान्वयन गर्ने सम्बन्धमा।

<u>प्रस्ताव १२</u> : 'घ' वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७५' संशोधन गर्ने सम्बन्धमा ।

निर्णय १२ : 'घ' वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७५' मा देहाय बमोजिम संशोधान गर्ने :

- ✓ दफा ३ को उपदफा (१) का भएको ' ...... चालू आर्थिक वर्षको अन्त्यसम्म मात्र मान्य रहनेछ' को सट्टामा ' ...... ३ वर्षसम्म मात्र मान्य रहनेछ । तर हरेक वर्ष नवीकरण नगरे कारोबार गर्नबाट बञ्चित गरिनेछ । ३ वर्षसम्म पनि नवीकरण गर्न नआएमा स्वत खारेज हुनेछ । तर गाउँ कार्यपालिकको बैठकले ३ वर्षभन्दा बढी नवीकरण नगरेको अवस्थामा पनि नवीकरण गर्ने निर्णय गर्न सक्नेछ' राख्ने ।
- ✓ दफा ३ को उपदफा (२) का भएको '३ महिनाभित्र' को सट्टामा '१ वर्षभित्र' राख्ने ।
- ✓ दफा ३ को उपदफा (३) का भएको '६ महिनाभित्र' को सट्टामा '१ वर्षभित्र' राख्ने ।
- ✓ अनुसूची २ मा 'इजाजतपत्र नवीकरण थप दस्तुर' मा रु. ७,०००।- को सट्टा रु. १५,०००।- राख्ने ।

प्रस्ताव १३ : 'रोङ गाउँपालिकाको कृषक तथा पशुपालन समूह/फर्म दर्ता तथा नवीकरण कार्यविधि, २०८१' संशोधन गर्ने सम्बन्धमा ।

निर्णय १३ : 'रोङ गाउँपालिकाको कृषक तथा पशुपालन समूह/फर्म दर्ता तथा नवीकरण कार्यविधि, २०८१' मा देहाय बमोजिम संशोधान गर्ने :

- दफा ४ को उपदफा (क) मा उल्लेख भएको 'हरेक वर्ष साउन महिनाको १५ गतेभित्र' को 'हरेक वर्ष असोज मसान्तभित्र' राख्ने ।
- दफा ४ को उपदफा (ख) मा उल्लेख भएको 'प्रतिदिन रु. ५।- का दरले' को 'प्रति वर्ष रु. २५०।- का दरले' राख्ने ।
- दफा ४ को उपदफा (ग) मा उल्लेख भएको 'हरेक वर्ष साउन महिनाको १५ गतेभित्र' को सट्टामा 'हरेक वर्ष असोज मसान्तभित्र' राख्ने । र 'सो वर्षको माघ १५ गतेभित्र पनि नवीकरण गर्न नआएमा त्यस्तो समूह स्वत खारेज हुनेछ' को सट्टामा 'समूहको आधिकारिक निवेदन अनुसार त्यस्तो समूह स्वत खारेज हुनेछ' राख्ने ।
- दफा ७ को उपदफा (क) मा उल्लेख भएको 'हरेक वर्ष साउन महिनाको १५ गतेभित्र' को 'हरेक वर्ष असोज मसान्तभित्र' राख्ने ।
- दफा ७ को उपदफा (ख) मा उल्लेख भएको 'प्रतिदिन रु. ५।- का दरले' को 'प्रति वर्ष रु. २५०।- का दरले' राख्ने ।
- दफा ७ को उपदफा (ग) मा उल्लेख भएको 'हरेक वर्ष साउन महिनाको १५ गतेभित्र' को सट्टामा 'हरेक वर्ष असोज मसान्तभित्र' राख्ने । र 'सो वर्षको माघ १५ गतेभित्र पनि नवीकरण गर्न नआएमा त्यस्तो फर्म स्वत खारेज हुनेछ' को सट्टामा 'समूहको आधिकारिक निवेदन अनुसार त्यस्तो फर्म स्वत खारेज हुनेछ' राख्ने ।

- दफा १० को उपदफा (क) मा उल्लेख भएको 'हरेक वर्ष साउन महिनाको १५ गतेभित्र' को 'हरेक वर्ष असोज मसान्तभित्र' राख्ने ।
- दफा १० को उपदफा (ख) मा उल्लेख भएको 'प्रतिदिन रु. ५।- का दरले' को 'प्रति वर्ष रु. २५०।- का दरले' राख्ने ।
- दफा १० को उपदफा (ग) मा उल्लेख हरेक वर्ष साउन महिनाको १५ गतेभित्र नवीकरण गर्नुपर्ने फर्म सो वर्षको माघ १५ गतेभित्र पनि नवीकरण गर्न नआएमा' भन्ने वाक्यांश हटाउने ।

प्रस्ताव १४ : रोङ कप सञ्चालन सम्बन्धमा ।

निर्णय १४ : चालू आ. व. २०८१/०८२ को रोङ कप सञ्चालन सञ्चालन सम्बन्धमा देहाय बमोजिम गर्ने : (स्रोत : आर्थिक सहायता)

देहाय :

(क) रोङ गाउँपालिका वडा नं २ स्थित श्री शशि मा वि को खेलमैदानमा गोल पोस्ट निर्माण गर्ने,

(ख) रोङ कपका सबै खेलाडीहरुको बिमा गर्ने ।

प्रस्ताव १५ : 'अभिभावक शिक्षा सञ्चालन तथा व्यवस्थापन' कार्यक्रमको भुक्तानी सम्बन्धमा ।

निर्णय १५ : गत आ. व. २०८०/०८१ मा सञ्चालन भएको 'अभिभावक शिक्षा सञ्चालन तथा व्यवस्थापन' बापतको रकम आवश्यक कागजातका आधारमा 'गत आ. व. को भुक्तानी बाँकी' शीर्षकबाट भुक्तानी दिने ।

प्रस्ताव नं. १६

आर्थिक सहयोग गर्ने सम्बन्धमा ।

निर्णय नं. १६

देहायका व्यक्ति तथा संस्थाहरुलाई देहाय बमोजिम आर्थिक सहयोग गर्ने (श्रोत : आर्थिक सहायता):

(क) बिरामी तथा घाइतेहरुलाई आर्थिक सहायता

| क्र. सं. | सहयोग पाउनेको नाम, थर, ठेगाना | सहयोग गर्नुपर्ने कारण | सहयोग रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | सुजन सिटौला, रोङ - २, इलाम | घाइते | ३०,०००।- | |
| २ | भिमा लिम्बू, रोङ - २, इलाम | कलेजोरोग उपचार | १०,०००।- | |
| ३ | टिका लामा, रोङ - ४, इलाम | मेरुदण्ड रोग उपचार | २०,०००।- | |
| ४ | रेनुका तामाङ, रोङ - ६, | मेरुदण्ड रोग उपचार | २०,०००।- | |

| | इलाम | | | |
|---|---|---|---|---|

<u>प्रस्ताव १७</u> : 'लागत साझेदारी' बाट केही कार्य गर्ने सम्बन्धमा ।

<u>निर्णय १७</u> : चालू आ. व. २०८१/०८२ को स्वीकृत बजेटको 'लागत साझेदारी' शीर्षकबाट भुक्तानी हुने गरी देहायका कार्य गर्ने :

<u>देहाय</u> :

(क) स्वीकृत लागत अनुमानका आधारमा रोङ गाउँपालिका, वडा नं. - ३ को मेची राजमार्गदेखि लसुने-भाङटार-प्युरे शाखा सडकको मुखमा क्रस ड्रेन (Cross Drain) लगाउने ।

(ख) स्वीकृत लागत अनुमानका आधारमा रोङ गाउँपालिका, वडा नं. - ३ को गहिरीगाउँ टोलदेखि खारखोला भैलेनीटोलमा बिजुलीको कालो तार लैजाने । उक्त तार कार्यालयले खरिद गरी सम्बन्धित लाभग्राहीलाई हस्तान्तरण गर्ने ।

<u>प्रस्ताव १८</u> : 'महानन्द सापकोटा जयन्ती' समारोहको आयोजना गर्ने सम्बन्धमा ।

<u>निर्णय १८</u> : मिति : २०८२/०१/३० गते रोङ गाउँपालिका, वडा नं. ५ स्थित देवानछापमा 'महानन्द सापकोटा जयन्ती' समारोहको आयोजना गर्ने । यसका लागि ६ वटै वडाहरुको 'विविध' शीर्षकबाट बराबर रकम झिकी जम्मा रु. १,००,०००।- (एक लाख रुपैयाँ मात्र) प्रदान गर्ने । उक्त रकमको बिल तथा भरपाई जम्मा गरी भुक्तानी लिने जिम्मेवारी वडा नं. ५ का सचिव शिव शंकर आचार्यलाई सुम्पने । स्थानीय स्तरमा गठित समारोह समितिबाट उक्त कार्यक्रमको व्यवस्थापन हुने ।

<u>प्रस्ताव १९</u> : 'सलकपुर गुम्बा' को लागि केही रकम थप गर्ने सम्बन्धमा ।

<u>निर्णय १९</u> : : 'सलकपुर गुम्बा' को लागि बढीमा रु. ९०,०००।- थप गर्ने । (श्रोत : लागत साझेदारी)

<u>प्रस्ताव २०</u> : 'स्यादर थान रोङ ५' का लागि केही रकम थप गर्ने सम्बन्धमा ।

<u>निर्णय २०</u> : : 'स्यादर थान रोङ ५' का लागि बढीमा रु. ५०,०००।- थप गर्ने । (श्रोत : लागत साझेदारी)

<u>प्रस्ताव २१</u> : योजनाको म्याद थप गर्ने सम्बन्धमा ।

<u>निर्णय २१</u> : निर्माण व्यवसायी संस्था प्रविन निर्माण सेवा, इलामको मिति : २०८२/०१/१७ को निवेदन र पूर्वाधार शाखाको राय समेतका आधारमा 'सार्वजनिक खरिद नियमावली, २०६४ (चौधौं संशोधन)' को नियम १२० क. बमोजिम ठेक्का नं. RRM/ILAM/NCB/WORKS/080/081-20 रहेको Kutidanda Public Toilet, Rong-03 शीर्षकको योजनाको म्याद मिति : २०८२/०१/३० सम्म थप गर्ने ।

<u>प्रस्ताव २२</u> : भेरिएसन आदेश १ स्वीकृत गर्ने सम्बन्धमा ।

निर्णय २२: निर्माण व्यवसायी संस्था प्रविन निर्माण सेवा, इलामको मिति : २०८२/०१/१७ को निवेदनका सम्बन्धमा ठेक्का नं. RRM/ILAM/NCB/WORKS/080/081-20 रहेको Kutidanda Public Toilet, Rong-03 शीर्षकको योजनाको भेरिएसन आदेश १ स्वीकृत गर्ने।

प्रस्ताव नं. २३

म्याद थप गर्ने सम्बन्धमा।

निर्णय नं. २३

ठेक्का नं. RRM/ILAM/NCB/WORKS/NCB/2078/079-04 रहेको 'Construction of Chief Administrative Office Building' को म्याद ६ महिना थप गर्ने।

प्रस्ताव नं. २४

भेरिएसन आदेश स्वीकृत गर्ने सम्बन्धमा।

निर्णय नं. २४

ठेक्का नं. RRM/ILAM/NCB/WORKS/NCB/2081/082-04 रहेको 'Haspokhari-Majuwa-Sarupakha-Murchunge-Nakhopa-Besibazar Sadak' शीर्षकको योजनाको भेरिएसन आदेश नं. १ स्वीकृत गर्ने।

प्रस्ताव नं. २५

'श्रृजना गाईपालन कृषक समुहको दूध संकलन केन्द्रलाई ७०% अनुदानमा टहरा निर्माणमा आवश्यक सामाग्री तथा जस्तापाता खरिद तथा वितरण कार्यक्रम' संशोधन सम्बन्धमा।

निर्णय नं. २५

चालू आर्थिक वर्षमा रोङ गाउँपालिकाको १ नं. वडातर्फको 'श्रृजना गाईपालन कृषक समुहको दूध संकलन केन्द्रलाई ७०% अनुदानमा टहरा निर्माणमा आवश्यक सामाग्री तथा जस्तापाता खरिद तथा वितरण कार्यक्रम' लाई संशोधन गरी 'जुरे सामुदायिक भवनलाई सामाग्री खरिद तथा व्यवस्थापन कार्यक्रम' (रु. १,५०,०००।-) बनाउने।

प्रस्ताव नं. २६

'सुवासचन्द्र नेम्बाङ स्मृति प्रतिष्ठान, इलाम' लाई आर्थिक सहयोग गर्ने सम्बन्धमा।

निर्णय नं. २६

'इलाम जिल्लाका अगुवा नागरिकहरुका लागि दुई दिवसीय अभिमुखीकरण' कार्यक्रम गरे बापत् 'सुवासचन्द्र नेम्बाङ स्मृति प्रतिष्ठान, इलाम' लाई रु. ५०,०००।- आर्थिक सहयोग गर्ने। (स्रोत : आर्थिक सहायता)

प्रस्ताव नं. २७

भेरिएसन आदेश स्वीकृत गर्ने सम्बन्धमा।

निर्णय नं. २७

ठेक्का नं. RRM/ILAM/NCB/WORKS/2081/082-10 रहेको 'Digo Sadak Bikash Yojana, Rong-5' शीर्षकको योजनाको भेरिएसन आदेश नं. १ स्वीकृत गर्ने।

प्रस्ताव नं. २८

लागत साझेदारी गर्ने सम्बन्धमा ।

निर्णय नं. २८

सामाजिक विकास मन्त्रालय, कोशी प्रदेश, विराटनगरबाट 'स्थानीय तहको साझेदारीमा बालमैत्री विद्यालय सञ्चालनको लागि प्रस्तावनामा आधारित अनुदान कार्यक्रम' अन्तर्गत श्री विष्णु अमर आधारभूत विद्यालयलाई प्राप्त रु. २,००,०००।- मा यस कार्यालयको 'लागत साझेदारी' बाट रु. ३५,२९४।- थप गरी त्यसमा सम्बन्धित विद्यालयको तर्फबाट लागत वा श्रम सहभागिता गराई स्वीकृत लागत अनुमान बमोजिम कार्य गर्ने ।

प्रस्ताव नं. २९

सिरिसे - सु. न. पा. १३ सडक खण्ड मर्मत गर्ने सम्बन्धमा ।

निर्णय नं. २९

स्वीकृत लागत अनुमानका आधारमा रोङ गाउँपालिका, वडा नं. - १, सिरिसे - सु. न. पा. १३ सडक खण्ड मर्मत गर्ने । (स्रोत : लागत साझेदारी)

प्रस्ताव नं. ३०

रोङ गाउँपालिकाका किसानहरुको प्रमोशनल भिडियो निर्माण गर्ने सम्बन्धमा ।

निर्णय नं. ३०

रिसष

रोङ गाउँपालिकाका किसानहरुको प्रमोशनल भिडियो निर्माण गर्ने । उक्त भिडियो निर्माण गर्ने जिम्मा इलाम मल्टिमिडिया प्रा. लि. लाई दिने । (स्रोत : परामर्श सेवा)

प्रस्ताव नं. ३१

रोङ गाउँपालिकाका विकासात्मक गतिविधिहरुको डकुमेन्ट्री निर्माण गर्ने सम्बन्धमा ।

निर्णय नं. ३१

रोङ गाउँपालिकाका रोङ गाउँपालिकाका विकासात्मक गतिविधिहरुको डकुमेन्ट्री निर्माण गर्ने । उक्त डकुमेन्ट्री निर्माण गर्ने जिम्मा क्रिशल एडभरटाइजिङ एण्ड क्रिएशन प्रा. लि., काठमाडौंलाई दिने । (स्रोत : परामर्श सेवा)

प्रस्ताव नं. ३२

अतिरिक्त समय काम गरे बापत् भुक्तानी दिने सम्बन्धमा ।

निर्णय नं. ३२

रोङ गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८२/०८३ को बजेट तर्जुमासँग सम्बन्धित क्रियाकलापहरुमा कार्यालय समयभन्दा अघि र पछि अतिरिक्त समय खटिने कर्मचारीहरुलाई खटिएको दिनको प्रतिव्यक्ति दैनिक रु. २,०००।- का दरले भत्ता उपलब्ध गराउने ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ को उपदफा (२) को देहाय (ज) बमोजिम प्रमुख प्रशासकीय अधिकृतको हैसियतले गाउँ कार्यपलिकाको बैठकको निर्णय प्रमाणित गर्दछु।

सही :

नाम : विनोद कुमार चौहान

पद : प्रमुख प्रशासकीय अधिकृत